फोन/फ्याक्स:०६१-४६२६७४
e-mail: ec.deo.kaski@gmail.com
deo.kaski@election.gov.np

निर्वाचन आयोग

# प्रदेश निर्वाचन कार्यालय

## गण्डकी प्रदेश, पोखरा

मिति: २०७८।६।१३

## प्रेस विज्ञप्ति

### लैङ्गिक समावेशी नीति कार्यान्वयन तथा निर्वाचनमा दुष्प्रचार सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम

निर्वाचन आयोगको आयोजनामा कास्की जिल्लास्थित विभिन्न राजनीतिक दल, संघ-संस्था तथा पत्रकारहरुसँग **लैङ्गिक समावेशी नीति कार्यान्वयन तथा निर्वाचनमा दुष्प्रचार सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम** मिति २०७८।०६।१३ गते पोखरामा सम्पन्न भएको छ ।

कार्यक्रममा निर्वाचन आयोगका माननीय निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधरले कार्यक्रमको समुद्घाटन गर्दै संविधानले प्रदान गरेको संवैधानिक दायित्व पूरा गर्ने क्रममा निर्वाचन आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मीतव्ययी बनाउने दिर्घकालीन सोचका साथ संवैधानिक व्यवस्था, विद्यमान कानून, महिला सशक्तिकरण, समावेशी नीति र विगतका सिकाई तथा उपलब्धिहरुको समीक्षा गर्दै निर्वाचन आयोगले पनि निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, **२०७७** तर्जुमा गरी कार्यान्वयनमा ल्याएको बताउनुभयो । त्यसैगरी कार्यक्रममा सहभागीहरुबाट प्राप्त सुझावहरुलाई निर्वाचन आयोगले लिपिबद्ध गर्दै जाने र कार्यन्वयनमा लैजाने साथै आगामी दिनमा पनि सरोकारवालहरुको क्षमता अभिबृद्धि गर्न आयोगले यस्ता कार्यक्रम गर्दै जाने बताउनुभयो ।

कार्यक्रममा प्रदेश निर्वाचन अधिकारी श्री हुमनाथ पराजुलीले स्वागत मन्तव्य राख्नुभएको थियो भने निर्वाचन आयोगका उपसचिव श्री सुर्य प्रसाद गौतमले कार्यक्रमको औचित्य माथि प्रकाश पार्नुभएको थियो । त्यसैगरी विकास साझेदार संस्था International Foundation for Election System **(IFES)** का संचार अधिकृत श्री रोशन शर्मा नेपालले शुभकामना मन्तब्य राख्नुभएको थियो भने कार्यक्रमको संचालन ममता मल्ल श्रेष्ठले गर्नुभएको थियो ।

कार्यक्रममा निर्वाचन संचालन तथा व्यवस्थापन, निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीतिका पक्षहरु, मिथ्या सूचना, दुष्प्रचार र द्धेषपूर्ण अभिव्यक्ति रोकथाम र समावेशी नीतिको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरुको भूमिका विषयमा ४ वटा कार्यपत्रहरु प्रस्तुत भएका थिए । कार्यक्रमको प्रस्तुतीकरण निर्वाचन आयोग र प्रदेश निर्वाचन कार्यालय, पोखराबाट भएको थियो ।

कार्यक्रमको समापनका क्रममा माननीय निर्वाचन आयुक्त डा. जानकी तुलाधरले प्रदेश तथा स्थानीय तहमा पनि समावेशी वर्गको सुनिश्तितता गर्न कार्यक्रम गर्दै जाने र निर्वाचन आयोगले यसमा सहकार्य र समन्वय गर्ने बताउनुभयो । साथै निर्वाचनलाई स्वच्छ स्वतन्त्र र निश्पक्ष बनाउन आम नागरिकहरुको सहभागिता बढाउन आयोग एक्लैले मात्र नभएर सरोकारवालाहरुको साथ समर्थन र महत्वपूर्ण भूमिका रहने बताउनुभयो । साथै राजनीतिक दल, संघ संस्था र स्थानीय तहले संचालन गर्ने सबै कार्यक्रममा लैङ्गिक समावेशी जस्ता विषयहरुलाई समावेश गर्दै लैजाने र स्थानीय तहको पाठ्यक्रममा पनि निर्वाचन शिक्षा र लैंङ्गिक तथा समावेशी विषयहरुलाई समेट्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा प्रदेश तहमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरु, प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका कर्मचारी, प्रदेश सामाजिक विकास मन्त्रालय र पोखरा महानगरपालिकाका सामाजिक क्षेत्र हेर्ने कर्मचारी, पत्रकार महासंघका प्रतिनिधि, अपांगता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक प्रतिनिधि, अन्तरपार्टी महिला संजालका प्रतिनिधि र जिल्ला समन्वय समितिका प्रतिनिधि गरी २६ जनाको सहभागीहरुको उपस्थिति रहेको थियो भने कार्यक्रममा सहभागीको तर्फबाट लैङ्गिक तथा अल्पसंख्यक प्रतिनिधि बिन्दिया गौतम, राजनीतिक दलको तर्फबाट नेपाली कांग्रसका जिल्ला सचिव देवेन्द्र रानाभाट र जिल्ला समन्वय समितिका प्रतिनिधि सितादेवी विकले मन्तब्य राख्दै कार्यक्रम अत्यन्तै फलदायी र ज्ञानबर्द्धक भएको र सिकाईलाइ व्यावहारमा कार्यान्वयन गर्ने प्रतिवद्धता समेत जनाउनुभयो ।

..........................
(हुमनाथ पराजुली)
**प्रदेश निर्वाचन अधिकारी**